# ललितपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

कुमारी इन्द्रा पेला
परीक्षा क्रमाङ्कः २८०६३०/०७३
त्रि.वि. दर्ता नं.: ९-२-२९-७४०-२००८

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा
स्नातकोत्तर तह चौथो सेमेस्टर नेपा.शि. ५४४
पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

२०७३/२०१७

नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

# ललितपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता

कुमारी इन्द्रा पेला
परीक्षा क्रमाङ्क: २८०६३०/०७३
त्रि.वि. दर्ता नं.: ९-२-२९-७४०-२००८

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा
स्नातकोत्तर तह चौथो सेमेस्टर नेपा.शि. ५४४
पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

२०७३/२०१७

नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

# प्रतिबद्धतापत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.......................................

कुमारी इन्द्रा पेला

मिति : २०७३/११/२६

March 9, 2017

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **ललितपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र कुमारी इन्द्रा पेलाले मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................

डा. राजेन्द्र खनाल

मिति : २०७३/१०/२१ (शोधनिर्देशक)

February 03, 2017

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र केन्द्रीय विभाग**
**नेपाली भाषा शिक्षा विभाग**
**कीर्तिपुर**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ कुमारी इन्द्रा पेला तयार पारिएको **ललितपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृत प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ............................... |
| २. | प्रा. महेश्वर न्यौपाने (शोध विशेषज्ञ) | ............................... |
| ३. | डा. राजेन्द्र खनाल (शोधनिर्देशक) | ............................... |

मिति : २०७३/११/२३

March 06, 2017

# कृतज्ञताज्ञापन

'ललितपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन' शीर्षकको प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह नेपाली भाषा शिक्षा विभागअन्तर्गत चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको छ । यस शोधकार्यको सिलसिलामा मलाई विशिष्ट सहयोग गर्नुहुने विभिन्न सहपाठी मित्रहरू प्रति म कृतज्ञ छु ।

शोधपत्रको शीर्षक चयन, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन विश्लेषण तथा परिमार्जन गरी अन्तिम रूप दिनको निम्ति समय दिनुहुने शोध निर्देशक डा. राजेन्द्र खनालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । उहाँको प्रेरणा, सहयोग र हौसलाको कारण यो अध्ययन कार्य सार्थक भएकाले यसको प्रथम श्रेय उहाँलाई नै दिँदै हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस शोधपत्रको लागि समयमा नै मेरो शोध प्रस्ताव स्वीकार गरी अध्ययन कार्य थालनी गर्न सहयोग पुऱ्याउने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराईप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोध कार्यका लागि आवश्यक सल्लाह सुझाव दिनुहुने आदरणीय गुरु प्रा.डा. पारसमणि भण्डारीलगायत नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मेरो अध्ययनलाई यहाँसम्म पुऱ्याउन सदैव प्रेम, स्नेह र आर्शिवाद दिएर पूर्ण सहयोग गर्नुहुने मेरो घरपरिवारप्रति म आजीवन ऋणी छु ।

शोध कार्य लेखनलाई सहज रूपमा अगाडि बढाउनका लागि आवश्यक सामग्री जुटाउन सहयोग गर्नुहुने ललितपुर जिल्लाका प्रतिनिधि विद्यालय, सम्बन्धित विषय शिक्षक साथै सम्पूर्ण विद्यार्थीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । अध्ययन विश्लेषण तथा प्राविधिक पक्षका सम्बन्धमा यसमा केही कमजोरी भएको भए त्यसलाई विनम्रतापूर्वक स्वीकार गर्दछु । शोधपत्र तयार गर्न प्राविधिक सहयोग गर्ने रामकृष्ण महर्जनलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनको निम्ति नेपाली भाषा शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७३/११/

कुमारी इन्द्रा पेला

शोधार्थी

# शोधसार

**शोध शीर्षक :** ललितपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

**शोधार्थी :** कुमारी इन्द्रा पेला

**शोध निर्देशक :** डा. राजेन्द्र खनाल

**विभाग/क्याम्पस :** शिक्षाशास्त्र केन्द्रीय विभाग, विश्वविद्यालय क्याम्पस, त्रि.वि. कीर्तिपुर

**शैक्षिक सत्र :** २०७३

**अध्याय :** सात

**पृष्ठ सङ्ख्या :** ५१ + २३ = ७४

## उद्देश्यहरू

ललितपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययनसँग सम्बन्धित प्रस्तुत शोधकार्यको निम्न उद्देश्यहरू रहेका छन् ।

(१) समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको पहिचान गर्नु,

(२) भाषिक पृष्ठभूमिका आधारमा श्रुतिलेखन क्षमताको विश्लेषण गर्नु,

(३) लैङ्गिक आधारमा श्रुतिलेखन क्षमताको अध्ययन गर्नु ।

## शोध प्रक्रिया

प्रस्तुत शोधपत्र एम.एड. चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांश परिपूर्ति गर्ने प्रयोजनको लागि तयार पारिएको हो । अनुसन्धान कार्य आफैँमा एउटा जटिल प्रक्रिया हो । जसलाई सफलता पूर्वक सम्पन्न गरी निश्चित लक्ष्यमा पुऱ्याउन विभिन्न विधि तथा प्रक्रियाहरू अवलम्बन गर्नुपर्ने हुन्छ । शोधकार्य गर्दा सम्बन्धित क्षेत्रमा गई सम्बन्धित क्षेत्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सम्बन्ध राख्ने र त्यसपूर्व भए गरेका सामग्रीहरूको प्रयोग गर्ने तरिकाहरूलाई अङ्गीकार गरी तथ्याङ्क सङ्कलन र व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ ।

प्रस्तुत अध्ययनमा ललितपुर जिल्लाभित्रका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयबाट १० जनाका दरले १०० जना विद्यार्थीलाई नमुना जनसङ्ख्याको रूपमा लिएको छ । यसरी नमुना जनसङ्ख्या विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश गरी दुई अनुच्छेदमा श्रुतिलेखन लगाई उत्तरपुस्तिकालाई मूल्याङ्कन गरिएको छ । मूल्याङ्कनको क्रममा तथ्याङ्कहरूलाई साङ्खिकीय विधिको प्रयोग गरी विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई प्रतिशताङ्क, मध्यमान र मानक विचलनका आधारमा व्याख्या-विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । प्रस्तुत शोधकार्य क्रमशः शोधको परिचय, पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप, अध्ययन विधि र प्रक्रिया, तथ्याङ्कको व्याख्या र विश्लेषण तथा सारांश, निष्कर्ष र उपयोगिता गरी सात अध्यायमा विभाजित गरिएको छ ।

## शोध निष्कर्ष

प्रस्तुत ललितपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन पश्चात निम्न निष्कर्ष निकालिएको छ :

(क) समग्रमा ललितपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता ४० प्रतिशतभन्दा कम श्रुतिलेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ११ र ६० प्रतिशतभन्दा माथि श्रुतिलेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ४९ रहेको छ साथै मध्यमानभन्दा माथि श्रुतिलेखन क्षमता ५९ र मध्यमानभन्दा तल ४१ रहेकोले श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

(ख) भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलना गर्दा ४० प्रतिशतभन्दा कम श्रुतिलेखन क्षमता भएका नेपाली भाषी र दोस्रो भाषीको सङ्ख्या ४ र ६ रहेको छ भने ६० प्रतिशतभन्दा माथि नेपाली भाषी र दोस्रो भाषीको सङ्ख्या २६ र २३ रहेको छ । साथै मध्यमानका आधारमा हेर्दा पनि नेपाली भाषीको श्रुतिलेखन क्षमताको मध्यमान २४.१७ र दोस्रो भाषीको मध्यमान २२.२९ रहेकोले नेपाली भाषी विद्यार्थीको श्रुतिलेखन क्षमता उच्च रहेको देखिन्छ ।

(ग) विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालयका नेपाली भाषी विद्यार्थी र संस्थागत विद्यालयका नेपाली भाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमता प्रतिशत गणना

गर्दा दुवैको ६० प्रतिशतभन्दा माथि दुवै विद्यालयको ५२ प्रतिशत रहेकोले श्रुतिलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

(घ) विद्यालयको प्रकृतिका आधारमा दोस्रो भाषा नेपाली भएका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क गणना गर्दा ६० प्रतिशतभन्दा ४८ प्रतिशत दोस्रो भाषी सामुदायिक विद्यालयका विद्यार्थी रहेका छन् भने ६० प्रतिशतभन्दा माथि ४४ प्रतिशत दोस्रो भाषी संस्थागत विद्यालयका विद्यार्थीहरू रहेका छन् । उक्त विश्लेषणमा दोस्रो भाषी संस्थागत विद्यालयका विद्यार्थीभन्दा दोस्रो भाषी सामुदायिक विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

(ङ) लैङ्गिक आधारमा श्रुतिलेखन क्षमताको अध्ययन गर्दा ६० प्रतिशतभन्दा माथि प्राप्ताङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ४८ प्रतिशत र छात्राको सङ्ख्या ५० प्रतिशत रहेको पाइयो । उक्त अध्ययनबाट छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीको श्रुतिलेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

# विषयसूची

पेज नं.


प्रतिबद्धतापत्र

सिफारिसपत्र

स्वीकृतिपत्र

कृतज्ञताज्ञापन

शोधसार

विषयसूची

तालिकासूची

चित्रसूची

**अध्याय एक : शोधपरिचय** **१-४**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन ३

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको सान्दर्भिकता ४

१.५ अध्ययनको परिसीमा ४

१.६ शोधको रूपरेखा ४

**अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप** **५-२६**

२.१ पूर्वकार्यको पुनरावलोकन ५

२.१.१ पुस्तकको पुनरावलोकन ५

२.१.२ शोधको पुनरावलोकन ८

२.२ पूर्वकार्यको पुनरावलोकनको सान्दर्भिकता १९

२.३ सैद्धान्तिक प्रारूप २०

२.३.१ श्रुतिलेखनको परिचय २०

२.३.२ श्रुतिलेखनको प्रयोजन २२

२.३.३ श्रुतिलेखनका तरिका २२

२.३.४ श्रुतिलेखनका त्रुटिक्षेत्रहरू २५
२.३.५ श्रुतिलेखनमा त्रुटि निराकरणका उपायहरू २५

**अध्याय तिन : अध्ययन विधि तथा प्रक्रिया २७-३१**
३.१ अध्ययनको ढाँचा २७
३.२ सामग्री सङ्कलन विधि २७
३.२.१ क्षेत्रीय अध्ययन विधि २७
३.२.१.१ जनसङ्ख्या पहिचान २७
३.२.१.२ प्रतिनिधि नमुना २८
३.२.२ पुस्तकालय विधि २८
३.३ सामग्री निर्माण २९
३.४ परीक्षण कार्यान्वयन २९
३.५ तथ्याङ्क सङ्कलन २९
३.६ विश्लेषण प्रक्रिया ३०

**अध्याय चार : समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति ३२-३४**
४.१ समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण ३२
४.२ समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा मध्यमान र मानक विचलनको विवरण ३४

**अध्याय पाँच : भाषिक पृष्ठभूमिका आधारमा समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति ३५-४४**
५.१ श्रुतिलेखन क्षमताको प्रतिशताङ्कको विवरण ३५
५.२ श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण ३७
५.३ भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता ३८
५.३.१ विद्यालयको प्रकृतिको आधारमा नेपाली भाषी विद्यार्थीको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण प्रतिशतमा ३८
५.३.२ श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण ४०

५.४ भाषिक पृष्ठभूमिका आधारमा दोस्रो भाषी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता ४१

५.४.१ विद्यालयको प्रकृतिको आधारमा दोस्रो भाषी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण प्रतिशत ४१

५.४.२ श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण ४३

**अध्याय छ : लैङ्गिक आधारमा श्रुतिलेखन क्षमता ४५-४६**

६.१ लैङ्गिक आधारमा छात्र र छात्राहरूको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क विवरण ४५

६.२ लैङ्गिक आधारमा श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण ४६

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता ४७-५१**

७.१ सारांश ४७

७.२ निष्कर्ष ४७

७.३ उपयोगिता ४९

७.३.१ नीतिगत तह ४९

७.३.२ प्रयोगगत तह ५०

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत

# तालिकासूची


| तालिका | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| तालिका १ : | समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण | ३२ |
| तालिका २ : | समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा मध्यमान र मानक विचलनको विवरण | ३४ |
| तालिका ३ : | श्रुतिलेखन क्षमतभाको प्रतिशताङ्कको विवरण | ३५ |
| तालिका ४ : | श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण | ३७ |
| तालिका ५ : | विद्यालयको प्रकृतिको आधारमा नेपाली भाषी विद्यार्थीको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण प्रतिशतमा | ३८ |
| तालिका ६ : | श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण | ४० |
| तालिका ७ : | विद्यालयको प्रकृतिको आधारमा दोस्रो भाषी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण | ४१ |
| तालिका ८ : | श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण | ४३ |
| तालिका ९ : | लैङ्गिक आधारमा छात्र र छात्राहरूको श्रुतिलेखन क्षमताको प्रतिशताङ्क विवरण | ४५ |
| तालिका १० : | लैङ्गिक आधारमा श्रुतिलेखन क्षमताको मध्यमान र मानक विचलनको विवरण | ४६ |

# चित्रसूची


| चित्र | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| चित्र १ : | समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण | ३३ |
| चित्र २ : | नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण | ३६ |
| चित्र ३ : | विद्यालयको प्रकृतिको आधारमा नेपाली भाषी विद्यार्थीको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण प्रतिशतमा | ३९ |
| चित्र ४ : | दोस्रो भाषी सामुदायिक विद्यालय र नेपाली भाषी संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताको प्राप्ताङ्कको विवरण | ४२ |
| चित्र ५ : | लैङ्गिक आधारमा छात्र र छात्राको श्रुतिलेखन क्षमताको प्राप्ताङ्क विवरण | ४४ |